नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५१
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७७।७८

मिति २०७७।०५।२२

## जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुद्धारा जारी गरिएको अत्यन्त जरुरी सूचना ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID -19) को संक्रमणबाट कपिलवस्तु जिल्ला जोखिममा रहेको वर्तमान परिप्रेक्ष्यमा सजगता अपनाई संक्रमणको विस्तारलाई रोक्न जरुरी भएकोले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) र संक्रामक रोग ऐन , २०२० को दफा २ बमोजिम मिति २०७७।०५।१५ गते राति १२:०० बजे देखि २०७७।०५।२२ गते राति १२:०० बजे सम्म लागु हुने गरी निषेधाज्ञा जारी गरिएकोमा जिल्लाको कोभिड-१९ को संक्रमणको अवस्था विश्लेषण गर्दा अझै जोखिममा रहेको देखिएकोले पुनः उक्त निषेधाज्ञाको अवधि २०७७।०५।२२ गते राति १२:०० वजे देखि २०७७।०५।३१ गते राति १२:०० बजे सम्म थप गर्ने गरी देहाय अनुसार हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । यस सूचनाको उल्लंघन गरेको पाइएमा उल्लेखित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**(क) निषेध गरिएका सेवाहरु :**

१. जिल्ला भित्र सबै प्रकारका सार्वजनिक यात्रुबाहक सवारीसाधन संचालन गर्न ।
२. चिया पसल, खाजा घर , होटल, रेष्टुरेन्ट,पान पसल आदि संचालन गर्न ।
३. अत्यावश्यक सेवा बाहेक सरकारी कार्यालयहरुबाट प्रदान गरिने सेवा ।
४. कुनै पनि मेला, महोत्सव, जात्रा संचालन गर्न, मानिसहरु भेला/ जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न ।
५. परम्परागत रुपमा भई आएको नित्य पुजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु संचालन तथा जमघट गर्न ।
६. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्यूशन सेन्टर लगायतका जमघट हुने गतिविधिहरु संचालन गर्न ।
७. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी , तालिम , सेमिनार, पार्टी प्यालेस, मनोरञ्जन स्थल, शैलुन, ब्यूटीपार्लर, स्वीमिङ्ग पुल, जिमखाना, समुहमा खेल्ने खेलकुद, कवर्डहल, पुस्तकालय, संग्रहालय आदि संचालन गर्न ।

**(ख) संचालन गर्न पाउने सेवाहरु:**

१. मालवाहक ढुवानीका साधनहरु, एम्बुलेन्स , शववाहन, राजमार्ग भएर गुड्ने सवारी साधनहरु । निजी सवारी साधनहरु जोर विजोर नम्बरका आधारमा (जोर गते जोर नम्बर र बिजोर गते बिजोर नम्बर) सञ्चालन गर्न । (दुई पाङ्ग्रे र चार पाङ्ग्रे)
२. अत्यावश्यक वस्तु वा सेवा मध्ये औषधी र पानी विक्री वितरण गर्ने पसल/व्यवसाय संचालन गर्न ।
३. खाद्यवस्तु, दुध र दुधजन्य पदार्थ, फलफुल, तरकारी, माछा/ मासु विक्री वितरण गर्ने पसलहरु र प्रकरण (क) मा उल्लेखित बाहेक पसल/व्यवसाय विहान ८:०० बजे देखि दिउँसो १:०० बजे सम्म खोल्न सकिने ।
४. सबै किसिमका उद्योग, प्रतिष्ठानहरु संचालन गर्न सकिने । उद्योग, प्रतिष्ठानहरुमा काम गर्ने कर्मचारी/ कामदारहरुलाई खाना/वस्नको लागि सम्बन्धित उद्योग कलकारखानाले परिसर भित्र नै व्यवस्था गर्नु पर्नेछ ।

दीर्घ नारायण पौडेल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

५. बैंक तथा वित्तीय संस्थाहरुले विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सो सम्भव नभएमा नेपाल राष्ट्र बैङ्कले तोकेको वा न्यूनतम कर्मचारीबाट सेवा प्रवाह गर्ने । ATM सेवा संचालन गर्दा सम्बन्धित बैंकले नियमित रुपमा Disinfect गर्नुपर्नेछ ।

६. माथि उल्लेखित सेवाहरु संचालन गर्दा अनिवार्य रुपमा सामाजिक तथा भौतिक दुरी कायम गर्नुपर्नेछ । साथै अनिवार्य रुपमा नेपाल सरकार मन्त्रिपरिषद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्नु/ गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ । सोको पालना नभएमा उल्लेखित कानून बमोजिम कारवाही हुनेछ ।

२०७६/१२/२२

दीर्घनारायण पौडेल
प्रमुख जिल्ला अधिकारी

दीर्घ नारायण पौडेल
प्रमुख जिल्ला अधिकारी